काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६९ | बुधवार, १८ चैत, २०८२ | Wednesday, 1 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग :

उजुरीमाथि आयोगको कडा निगरानी, कारवाही गर्न धमाधम सिफारिस

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ चैत

उदाहरण १ : दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिकामा कार्यरत वरिष्ठ लेखा अधिकृत टंक बहादुर कार्कीमाथि घुस लिएको अभियोगमा विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार कार्कीले गाउँपालिकाको सडक स्तरोन्नती तथा निर्माण सम्पन्न भइसकेको योजनाको अन्तिम बिल भुक्तानीको क्रममा सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस मागी लिएको पुष्टि भएपछि उनलाई नियन्त्रणमा लिइएको हो। गत कार्तिक १३ गते टंगालस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सुर्खेत कार्यालयबाट खटिएको संयुक्त टोलीले कार्कीलाई सेवाग्राहीसँग घुस लिँदै गरेको अवस्थामा रंगेहात पक्राउ गरेको थियो। अनुसन्धानपछि कार्कीले डुङ्गेश्वर गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ५ भित्र पर्ने जर्सीचोक-देउली-जडी सडक स्तरोन्नती योजनाको अन्तिम बिल भुक्तानी प्रक्रिया सहज गरिदिने नाममा घुस रकम लिएको प्रमाणित भएको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार कार्कीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिम मुद्दा दर्ता गरी बिगो एक लाख रुपैयाँ कायम राख्दै सोही बराबर जरिवाना र कैद सजायको मागसहित विशेष अदालतमा आरोपपत्र दायर गरिएको हो।

उदाहरण २ : जुम्लामा सवारी चालक अनुमतिपत्र वितरण गर्दा अनियमितता गरेको आरोपमा तीन जना कर्मचारी विरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ। आयोगले यातायात व्यवस्था कार्यालय जुम्लामा सवारी चालक अनुमतिपत्र वितरण गर्दा अनियमितता गर्ने तीन कर्मचारी विरुद्ध गत माघ २७ गते मुद्दा दायर गरेको हो।

आयोगका अनुसार वैदेशिक रोजगारीमा रहेका व्यक्ति तथा प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण वा अनुपस्थित रहेका १८ जनालाई नियमविपरीत सवारी चालक अनुमतिपत्र जारी गरिएको उजुरीमाथि अनुसन्धान गर्दा भ्रष्टाचार भएको पुष्टि भएको छ। अनुसन्धानका क्रममा आर्थिक वर्ष २०७५-०७६ मा प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण र अनुपस्थित देखाइएका व्यक्तिहरूका नाममा 'ए' र 'ई' वर्गको अनुमतिपत्र जारी गरिएको पाइएको छ। विशेष गरी वैदेशिक रोजगारीका सिलसिलामा मलेसियामा रहेका शालिकराम भण्डारी नेपालमै नहुँदा लिखित तथा प्रयोगात्मक परीक्षा उत्तीर्ण गराई अनुमतिपत्र जारी गरिएको आयोगले जनाएको छ। भण्डारी २०७० भदौ १९ गते मलेसिया गएको र २०७५ भदौ २३ गते मात्र नेपाल फर्किएको अभिलेखमा देखिएको छ। आरोपपत्रमा यातायात व्यवस्था कार्यालय जुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख मदनप्रसाद देवकोटा, परीक्षा समितिका सदस्य प्रहरी नायब निरीक्षक गङ्गाराम विश्वकर्मा र मेकानिकल सुपरभाइजर शम्भु दाहाललाई प्रतिवादी बनाइएको छ। प्रयोगात्मक परीक्षाको नतिजा कम्प्युटर प्रणालीमा 'एडिट' गरी सच्याएर अनुमतिपत्र जारी गरिएको पुष्टि भएको आयोगले जनाएको छ।

उदाहरण ३ : गत ३ चैतमा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाका प्रमुख पुष्प वादीसहित दुई जनाविरुद्ध आयोगले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ। आयोगले नगरप्रमुख वादीसहित उनलाई घुस दिने कर्मचारी मोहन शाहविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ। शाह नगरपालिकामा असिस्टेन्ट सबइन्जिनियरको रूपमा करार सेवामा काम गर्दै आएका थिए।

आयोगका अनुसार शाहले आर्थिक वर्ष १०८१/८२ मा आफ्नो करार अवधि थप गर्नका लागि नगरप्रमुख वादीलाई एक लाख रुपैयाँ घुस दिएका थिए। २०८२/८३ का लागि करार अवधि थप गर्न पनि नगरप्रमुख वादीले घुस मागेका थिए। घुस नदिएपछि वादीले उनको करार अवधि नथपेको उजुरी शाहले दिएका थिए। सोही उजुरीको आधारमा आयोगले वादीमाथि अनुसन्धान गरेको थियो।



कर्णालीमा ६३४ उजुरी दर्ता

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जम्मा ६३४ वटा उजुरी दर्ता भएका छन्। आयोगले सार्वजनिक गरेको तथ्यांक अनुसार विभिन्न स्रोतमार्फत प्राप्त उजुरीहरू मध्ये अधिकांश अनलाइन प्रणालीमार्फत आएका छन्।

तथ्यांकअनुसार श्रावण महिनामा सबैभन्दा धेरै १५७ उजुरी दर्ता भएका छन्, जसमा १३५ उजुरी 'आयोगको वेबसाइट' मार्फत प्राप्त भएका छन्। त्यसैगरी भदौ र असोज महिनामा समान रूपमा ६२/६२ उजुरी दर्ता भएका छन् भने कार्तिकमा ४६ उजुरी प्राप्त भएका छन्।

मंसिर महिनामा उजुरी संख्या बढेर ७६ पुगेको छ, भने पुसमा ८८ उजुरी दर्ता भएका छन्, जुन दोस्रो उच्च संख्या हो। माघमा ६८ उजुरी, फागुनमा ३५ र चैतमा २९ उजुरी दर्ता भएका छन्। उजुरी प्राप्त हुने माध्यममध्ये आयोगको वेबसाइट प्रमुख रहेको छ। त्यसपछि इमेल, मोबाइल एप, टेलिफोन, हुलाक सेवा, फेसबुक, समाचारपत्र, एसएमएस, तथा प्रत्यक्ष निवेदनजस्ता माध्यमबाट पनि उजुरी आउने गरेको आयोगले जनाएको छ।

आयोगका अनुसार डिजिटल माध्यमको प्रयोग बढेसँगै अनलाइनमार्फत उजुरी दिने प्रवृत्ति उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। यसले सेवाग्राहीलाई सहज पहुँच उपलब्ध गराएको तथा पारदर्शिता अभिवृद्धिमा सहयोग पुगेको आयोगको भनाइ छ। कार्यालयले प्राप्त उजुरीहरूको छानबिन तथा अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइरहेको जनाएको छ। साथै, भ्रष्टाचारविरुद्ध नागरिकको सक्रिय सहभागिता सकारात्मक संकेत भएको आयोगले उल्लेख गरेको छ।

उजुरीमाथि कडा निगरानी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले प्राप्त उजुरीमाथि कडा निगरानी बढाउँदै धमाधम कारवाही सिफारिस गर्न थालेको जनाएको छ। आयोगका अनुसार पछिल्लो समय उजुरीहरूको प्रारम्भिक छानबिन तीव्र बनाइँदै अनियमितता पुष्टि भएका प्रकरणहरूमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको हो।

कार्यालयका प्रमुखले उजुरी व्यवस्थापनलाई व्यवस्थित बनाउँदै प्राथमिकता निर्धारणका आधारमा अनुसन्धान अघि बढाइएको जानकारी दिए। विश्वसनीय आधारसहित आएका उजुरीहरूलाई छिटो छानबिन गरी सम्बन्धित निकायमा कारवाही सिफारिस गर्ने काम धमाधम भइरहेको कार्यालयले जनाएको छ। आयोगका अनुसार डिजिटल माध्यमबाट उजुरी दिने प्रवृत्ति बढेसँगै केसहरूको संख्या पनि वृद्धि भएको छ। त्यसलाई मध्यनजर गर्दै तथ्य संकलन, प्रमाण व्यवस्थापन र अनुगमन प्रणालीलाई अझ सुदृढ बनाइएको जनाइएको छ। कार्यालयले सार्वजनिक सेवा प्रवाहमा देखिएका अनियमितता, घुस लेनदेन, पदको दुरुपयोग लगायतका विषयमा आएका उजुरीमाथि विशेष ध्यान दिँदै आएको छ। प्रमाण पुष्टि भएका घटनामा सम्बन्धित कर्मचारी वा निकायविरुद्ध विभागीय कारवाही, मुद्दा दर्ता वा अन्य कानुनी प्रक्रिया अघि बढाउन सिफारिस गरिएको आयोगले जनाएको छ।

प्रहरी निरीक्षकलाई आक्रमण गर्नेको खोजी



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ चैत

वीरेन्द्रनगरमा सोमबार साँझ नेकपा एमाले को मसाल जुलुसका क्रममा भएको झडपमा एक प्रहरी निरीक्षक घाइते भएका छन्। प्रदर्शनका क्रममा भीडबाट भएको आक्रमणमा प्रहरी निरीक्षक राजन भट्टराईको अगाडिको दाँत भाँचिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले जारी गरेको प्रेस विज्ञप्तिअनुसार पार्टी अध्यक्ष के पी शर्मा ओलीको पक्राउको विरोधमा एमाले कार्यकर्ताले वीरेन्द्रनगर-६ स्थित हटिया चोकबाट मसाल जुलुस निकालेका थिए। जुलुस वीरेन्द्र चोक पुगेर पुनः पार्टी कार्यालयतर्फ फर्किने क्रममा स्थिति तनावग्रस्त बनेको हो।

सुरक्षा व्यवस्थापनमा खटिएका प्रहरी निरीक्षक भट्टराईमाथि प्रदर्शनकारीमध्ये एक जनाले अचानक मुक्का प्रहार गरेको प्रहरी नायब उपरीक्षक मोहनजंग बुढ्थापाले जानकारी दिए। घटनापछि आक्रमणकारीलाई नियन्त्रणमा लिन खोज्दा भीड तितरबितर भएको र सोही क्रममा भाग्ने क्रममा एक प्रदर्शनकारी लडेर सामान्य घाइते भएको पनि उनले बताए।

घाइते प्रहरी निरीक्षक र प्रदर्शनकारी दुवै उपचारपछि घर फर्किसकेको प्रहरीले जनाएको छ। प्रहरीमाथि हातपात गर्ने व्यक्तिको पहिचान गरी खोजी कार्य तीव्र पारिएको जनाइएको छ। यता, एमाले कार्यकर्ताहरूले भने प्रहरीले अनावश्यक बल प्रयोग गरेको आरोप लगाएका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

श्रम स्वीकृतिमा झन्झट हट्दा सेवाग्राही खुसी

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ चैत

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूका लागि श्रम स्वीकृति लिने प्रक्रियामा रहेको अनलाइन टोकन प्रणाली खारेज गरेपछि सेवाग्राही उत्साही देखिएका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार शाहको निर्देशनपछि सोमबारदेखि विभागले क्यू फ्री प्रणाली लागु गरेको छ। जसको प्रभाव पहिलो दिनमै उत्साहजनक देखिएको विभागले जनाएको छ। विभागको योकदमलाई श्रम स्वीकृति लिन आएका र अनलाइनबाटै आवेदन दिएका सेवाग्राहीहरूले ठुलो राहतका रूपमा लिएका छन्। उनीहरूले सरकारले गरेको निर्णय स्वागतयोग्य प्रतिक्रिया दिए।

विभागमा सेवा लिन आएका अरूण कुमारले श्रम स्वीकृति लिनका लागि टोकन प्रणाली खारेज गर्ने सरकारी निर्णय नयाँ सुरूवात भएको बताए। उनले पहिले टोकन प्रणाली हुँदा आफ्नो मान्छेलाई मात्रै प्राथमिकता दिने र भित्रभित्रै चलखेल हुने अवस्था थियो, तर अब टोकन हटेपछि आम जनतालाई सहज हुने अवस्था सिर्जना हुने बताए।

'टोकन प्रणाली हटेसँगै सेवाग्राहीलाई सहज भएको छ। अब घरै बसेर पनि काम हुन सक्ने अवस्था आएको छ,' उनले भने।

मोरङका देवेन्द्र लुइँटेलले श्रम कार्यालय पहिले बिचौलियाको अखडा जस्तो देखिने र सरकारले त्यसको अन्त्य गरेकोमा धन्यवाद दिए। 'अहिले दुई-तीन दिन यता हेर्दा त्यो अवस्था कम हुँदै गएको छ।

प्रधानमन्त्री बालेन्द्रको बन्यो टिम

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १७ चैत

प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयमा कार्यरत सल्लाहकार र कर्मचारीहरूको विवरण सार्वजनिक भएको छ।

प्रधानमन्त्री शाहको सचिवालयमा मुख्य सल्लाहकार कुमार व्यञ्जनकारसहित २५ जना रहेका छन्। जसमा केबल चारजनाको मात्रै सल्लाहकार टीम छ। जसमा मुख्य सल्लाहकार व्यञ्जनकार, राजनीतिक सल्लाहकार असिम शाह, नीति प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकाल र सूचना प्रविधि मन्त्रालयतर्फबाट सल्लाकारमा विवेक मिश्र छन्।

उता स्वकीयतर्फ प्रधानमन्त्रीले १० जनाको टीम बनाएका छन्। जसमा प्रमुख स्वकीय सचिवमा सुवास शर्मा रहेका छन्। स्वकीय सचिवमा नवीन भण्डारी छन्।

अर्कातिर निजी सचिवालयतर्फ सहसचिव प्रदीप परियार, उपसचिव तुलराज सुनुवार र शाखा अधिकृत चूडामणि बस्यालसहित ११ जना रहेका छन्।

इनिशा विक प्रकरण, चार नाबालक पुर्पक्षका लागि थुनामा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १७ चैत

सुर्खेतकी १६ वर्षीया इनिशा विकको मृत्यु प्रकरणमा पक्राउ परेका चार जना नाबालकलाई पुर्पक्षका लागि थुनामा राख्न अदालतले आदेश दिएको छ।

जिल्ला अदालत सुर्खेतका बाल इजलासका न्यायाधीश दीपक ढकालले उक्त आदेश जारी गर्दै अनुसन्धान पूरा नहुँदासम्म चारै जना बालकलाई थुनामै राखेर मुद्दा अघि बढाउन निर्देशन दिएका हुन्।



अदालतको आदेशअनुसार उनीहरूलाई बालसुधार गृहमा पठाइने भएको छ। अदालतका सूचना अधिकारी उज्वल रावलका अनुसार घटनाको गम्भीरता तथा प्रारम्भिक प्रमाणका आधारमा यस्तो निर्णय गरिएको हो।

इनिशा विक गत फागुन २३ गते वीरेन्द्रनगर नगरपालिका-४ स्थित जनजागरण सामुदायिक वन क्षेत्रमा अचेत अवस्थामा फेला परेकी थिइन्। उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

घटनापछि जिल्ला प्रहरी कार्यालय सुर्खेतले अनुसन्धान गर्दै चार जना नाबालकलाई नियन्त्रणमा लिएको थियो। हाल सो घटनाबारे थप अनुसन्धान भइरहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

प्रभावकारी संसद् नै सुशासनको आधार

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालअन्तर्गत सातौँ (हिउँदे) अधिवेशन अपेक्षाअनुसार उपलब्धिमूलक हुन नसक्दै अन्त्य भएको छ । आइतबार राति १२ बजेदेखि लागू हुनेगरी अधिवेशन अन्त्य गरिएको निर्णयले कर्णाली प्रदेशको विधायिकी प्रक्रियामा गम्भीर प्रश्न उठाएको छ । सामान्यतया हिउँदे अधिवेशनलाई 'विधेयक अधिवेशन'का रूपमा लिइन्छ, जहाँ प्रदेशलाई आवश्यक कानुन निर्माण प्राथमिकतामा पर्छ । तर यसपटकको अभ्यासले त्यो मर्मलाई आत्मसात् गर्न सकेन । सभामुख नन्दा गुरूङले अधिवेशन अन्त्यसम्बन्धी पत्र पढेर सुनाउँदा सदनले आफ्नो सीमित उपलब्धिको समीक्षा गर्ने अवसर पाएको थियो । तर तथ्यांक आफैं बोलिरहेका छन् । पूरै अधिवेशनभर जम्मा दुईवटा विधेयक पारित हुनु र एउटा महत्त्वपूर्ण विधेयक समितिमा सीमित हुनु विधायिकी निष्क्रियताको संकेत हो । अझ गम्भीर कुरा त, माघ १८ देखि सुरू भएको अधिवेशनमा केवल १० वटा बैठक बस्नुले कार्यसूचीको अभाव र व्यवस्थापन कमजोरी दुवै उजागर गरेको छ । यस अवस्थाको मूल कारण 'बिजनेश'को अभाव हो । जसले पर्याप्त विधेयक, नीति तथा प्रस्ताव सदनमा नआउँदा संसद् प्रभावकारी ढंगले सञ्चालन हुन सकेन ।

प्रदेश सरकार र प्रदेशसभा सचिवालयबीचको समन्वय पनि कमजोर देखिएको छ । विधेयक तयारीमा ढिलाइ र प्राथमिकतामा अस्पष्टता हुँदा संसद् केवल औपचारिकतामा सीमित भएको अनुभूति हुन्छ । यसले प्रदेश सरकारको नीति निर्माण, कानुन संशोधन तथा विकास सम्बन्धी निर्णय प्रक्रियामा प्रत्यक्ष असर पारेको छ । कर्णाली जस्तो भौगोलिक र आर्थिक रूपमा पछि परेको प्रदेशका लागि यस्तो अवस्था झनै चिन्ताजनक हो । बजेट कार्यान्वयन, सेवा प्रवाह सुधार, सुशासन प्रवर्द्धन र जनजीविकासँग जोडिएका मुद्दामा समयमै छलफल नहुनु विकासको गति रोक्ने कारक बन्न सक्छ । संसद् निष्क्रिय हुँदा जनतामा राज्यप्रतिको विश्वास कमजोर हुने र लोकतान्त्रिक अभ्यासमै असर पर्ने जोखिम बढ्छ । अर्कोतर्फ, अधिवेशनको ठूलो हिस्सा दलीय आक्रोश र आरोप-प्रत्यारोपमै बित्नु राजनीतिक परिपक्वताको अभावको संकेत हो । सत्ता र प्रतिपक्षबीचको असमझदारीले कार्यसूची प्रभावित मात्र भएन, कतिपय बैठक अवरूद्धसमेत भए । जनअपेक्षा सम्बोधनभन्दा राजनीतिक तिक्तता प्राथमिकतामा पर्नु लोकतान्त्रिक संस्थाका लागि सकारात्मक संकेत होइन । संसद् जनताको आवाज बन्नुपर्नेमा दलहरूको शक्ति प्रदर्शनको थलो बनेको देखिन्छ ।

अधिवेशन निष्क्रियजस्तै बन्दा जनतामा प्रदेशसभाप्रतिको विश्वास घट्ने र लोकतान्त्रिक अभ्यास कमजोर हुने खतरा हुन्छ । पर्याप्त बिजनेश बिना अधिवेशन सञ्चालन हुनु राज्यकोषको दुरूपयोगतर्फ पनि संकेत गर्छ । प्रतिपक्षी दलका सांसदहरूले समेत सरकारलाई शीघ्र विधेयक तथा महत्वपूर्ण प्रस्ताव सदनमा ल्याउन दबाब दिएका थिए । तर सरकार पक्षले भने तयारी अवस्थामा रहेका केही विधेयक छिट्टै पेश गर्ने र अधिवेशनलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाउँदा जनाउँदै अधिवेशन अन्त्य भयो । भौतिक संरचनामा भएको क्षति, वैकल्पिक स्थानमा बैठक सञ्चालन र सीमित स्रोतसाधनका बीच पनि प्रभावकारी काम गर्न सकिन्थ्यो । तर त्यसतर्फ आवश्यक इच्छाशक्ति र सहकार्य देखिएन । यसले नेतृत्व तहमा जिम्मेवारीबोधको कमी उजागर गरेको छ । अब के प्रदेशसभा केवल औपचारिक संरचना बन्ने हो ? कि जनअपेक्षाको संवाहक संस्था ? भन्ने पनि प्रश्न उठ्न थालेको छ । आगामी अधिवेशनका लागि यो गम्भीर आत्मसमीक्षाको समय हो । सरकार र प्रतिपक्ष दुबैले दलीय स्वार्थभन्दा माथि उठेर साझा कार्यसूची तय गर्नुपर्छ । विधेयक तयारी, नीतिगत बहस र जनजीविकासँग जोडिएका मुद्दालाई प्राथमिकतामा राख्नैपर्छ । किनकी प्रभावकारी संसद् नै सुशासनको आधार हो । कर्णाली प्रदेशसभाले आफ्नो भूमिकालाई पुनःपरिभाषित गर्दै जनविश्वास पुनर्स्थापित गर्न अब ढिला गर्नु हुँदैन ।

बालेनले भत्काउनुपर्ने सिंहदरबारका 'स्पीड ब्रेकर'



✍ संकेत कोइराला

एकदिन राजा सुरेन्द्रविक्रम शाहले हेपाहा शैलीमा प्रधानमन्त्री जङ्गबहादुरलाई भने- 'ए जङ्गे ! शाहज्यादा र शाहज्यादीहरूको विवाह गरिदिनुपऱ्यो । वर बधुहरूको खोजी गर ।'

जंगबहादुरले मौकाको फाइदा उठाउँदै जवाफ फर्काए- 'सरकार ! वर बधुहरू किन खोजिरहनुपऱ्यो र ! युवराजहरूको विवाह मेरा छोरीहरूसँग, शाहज्यादीहरूको विवाह मेरा छोराहरूसँग गरिदिइबक्से भइहाल्छ नि !'

जङ्गबहादुरको जवाफले राजाको पारो चढ्यो । उनले आक्रोशित हुँदै भने- 'तँ खसले हाम्रा शाहज्यादीहरू ताक्ने ?' जङ्गबहादुरले राजालाई खरो तर विनम्र भावमा सम्झाए- 'सरकारले आफूलाई कत्रो जातवाला सम्झिबक्सेको छ ? सरकारको जिज्यूबुबा स्वर्गीय राजा गीर्वाणयुद्ध विक्रम शाह ब्राहणीतर्फको सन्तान होइबक्सन्नथ्यो र ? के राजा रणबहादुर शाहका महारानी सुवर्णप्रभातर्फका जेठा छोरा रणोद्योत शाह र कान्छा छोरा शमरशमशेर शाहहरू दुवैजना राज सिंहासनको हकदार हुँदाहुँदै राजा रणबहादुर शाहको बहुलठ्ठीपनले जम्मा १७ महिनाको गीर्वाणयुद्धलाई राजसिंहासनमा राखेको हैन ? मैले नै सरकारलाई राज सिंहासन दिलाएँ नत्र सिंहासनमा सरकारकै भाइ साहिँला साहेबज्यू रणेन्द्र विक्रम शाह बस्थे ।'

जागिर माग्न आएको एउटा केटोलाई रेडियोमा 'जनतासँग प्रधानमन्त्री कार्यक्रम' दिलाएर जाउलो खाने बन्दोबस्त मिलाइदिएको आत्मरतिमा केपी ओलीले रवि लामिछानेलाई हेपाहा बोली बोलिरहँदा आज यो दिन आएको बुझ्न कठिन छैन ।

जङ्गबहादुरको कुरा सुनेपछि राजालाई आफ्नो हैसियत र जङ्गबहादुरको शक्ति बल्ल महसूस भयो । जङ्गबहादुरलाई अर्दली सम्झिएर व्यवहार गरेकोमा पछुतो भयो । विनीत भावमा राजाले भने- 'लौ जङ्गे, तैंले भनेका कुरा सत्य हुन् । हाम्रा छोराछोरीको विवाह आपसमा गरिदिन म राजी छु।' जागिर माग्न आएको एउटा केटोलाई रेडियोमा 'जनतासँग प्रधानमन्त्री कार्यक्रम' दिलाएर जाउलो खाने बन्दोबस्त मिलाइदिएको आत्मरतिमा केपी ओलीले रवि लामिछानेलाई हेपाहा बोली बोलिरहँदा आज यो दिन आएको बुझ्न कठिन छैन । संसदमा दुई तिहाइ सरकारको मालिक बालेन अब एमालेजनको सस्तो टिप्पणी 'लुसिफर' नभएर तीन करोड जनताको अभिभावक हो । एमाले विशाल पोखरी हुँदा माछाले कमिला खायो । जनमतले एमालेको पोखरी सुकेपछि त्यही कमिला माछामाथि हावी भयो । अहिले एमालेको सरकार थियो भने बालेन, रवि, सुधन सबै सरकारको पाहुना भएर हिरासतमा हुन्थे । उनीहरू सत्तारुढ हुँदा ओली, रमेश लेखक भए । फरक त्यति हो । बाबुराम भट्टराईले भनेजस्तै नेपालको संसद अहिले यथार्थमै गाईलाई गोरु र गोरुलाई गाई बनाउने ल्याकत राख्छ । नेपाली जनताले सार्वभौम संसदको माहुते बन्ने जिम्मेवारी रवि-बालेनलाई दिएका छन् ।

शासन सत्ता भनेको निर्णय प्रक्रियामा सहभागी हुनु मात्र होइन, त्यसको स्वामित्व लिनु पनि हो । सरकारले एक रुपियाँको निर्णय गर्दा कम्तिमा तीन करोडको श्रोत चाहिन्छ भन्ने त्यहाँ बसेकाहरूले हेक्का राख्नुपर्छ ।

शासन सत्ता भनेको निर्णय प्रक्रियामा सहभागी हुनु मात्र होइन, त्यसको स्वामित्व लिनु पनि हो । सरकारले एक रुपियाँको निर्णय गर्दा कम्तिमा तीन करोडको श्रोत चाहिन्छ भन्ने त्यहाँ बसेकाहरूले हेक्का राख्नुपर्छ । कुनै मान्यता प्रतिस्थापन गर्नुअघि त्यो ठाउँमा राख्ने वस्तुको जोहो गरिएन भने प्रश्न गर्ने हावी, उत्तर दिने कमजोर हुँदै जान्छन् । चर्चित बन्न सजिलो छ, लोकप्रिय हुन कठिन छ ।

रत्नपार्कदेखि भक्तपुरसम्म सडकमा रातो पोतेर रातारात ननस्टप बस सेवा सञ्चालन गर्न राज्यको दश करोड स्वाहा गरेपछि थाहा भयो- सरकारले चलाएको सुपर बस लोकलभन्दा बसपार्क ढिलो पुग्न थाल्यो । आफ्नै अध्यक्ष रविले तामझामका साथ भरतपुरमा सुरु गरेको नीलो बस सेवा सत्ताको रापतापसँगै सेलाएको त्यो पार्टीका धेरैलाई थाहा छ । गृहमन्त्री हुँदाताका रवि भावुक भएर महिला प्रहरीलाई महिनावारीको समयमा बिदा दिने निर्णय भोलिपल्टै नकाम ठहरियो । ठमेल चौबीस घण्टा खुला गर्दा व्यभिचार बढ्यो, व्यापार घट्यो । निर्णय गर्दा कम्तिमा अनुसन्धान चाहिन्छ ।

शिक्षामन्त्रीले ब्रिजकोर्स हटाए भनेर नाङ्लो ठटाए । आधा घण्टामा निर्णय कापी नै गायब भयो । निर्णय गर्नुअघि किमाथाङ्काको विद्यार्थीले काठमाडौं आफ्नै समवयीसँग प्रतिस्पर्धा गर्नुपऱ्यो भने उसले त्यो खाल्डो कसरी पुर्छ ? काठमाडौंमा उठेको जनप्रतिनिधिले एक घण्टामा आफ्नो निर्वाचन क्षेत्र घुम्न सक्छ । डोल्पाको जनप्रतिनिधिलाई आफूले भोट पाएका जनतालाई प्रत्यक्ष धन्यवाद दिन घुम्नुपऱ्यो भने न्यूनतम आधा वर्ष छुट्याउनु पर्छ । शासकीय दृष्टि भूत, वर्तमान र भविष्य समयका तीनवटै आयामबाट पर्गेल्नु पर्छ । एम्बुलेन्सको चालक अधिकांश समय बेरोजगार जस्तै हुन्छ तर चाहिएको बखत ऊ गैरजिम्मेवार भयो भने त्यो चरम अपराध ठहर्छ ।

राज्यको हटसीटमा बसेर प्रतिशोधी र आत्मकेन्द्रित निर्णय गर्दा हुने क्षयिकरणको सन्दर्भमा माओत्सेतुङले गरेको गल्ती उदाहरण लिन सकिन्छ । माओले चार प्रकारका जीव मुसा, लामखुट्टे, झिँगा र भँगेरालाई चिनियाँ कृषिक्रान्तिको बाधकको रुपमा हेर्थे । यी जीवलाई चार प्लेगको संज्ञा दिए । आफू शक्तिमा आउनासाथ उनले यी जीव निर्मूल गर्न देशव्यापी अभियान चलाए । भँगेरा मार्न र तिनीहरूको गुँड भत्काउन सबै संयन्त्र प्रयोग भए । भँगेराले अन्न खाइदिएर जनता भोको रहनुपरेको बुझाई उनको थियो । सबै वर्ग, क्षेत्र, लिङ्गका मानिसलाई मन्त्री, सांसद बनाएर देश बन्ने होइन । इमानसहितको सपना देख्ने मानिस राज्यमा पुग्नुपर्छ ।

त्यो समय चीनमा यति धेरै भँगेरा मारिए कि मानिसले तिनलाई मिल्काउन ठूला ठूला कन्टेनरको प्रयोग गर्नुपऱ्यो । चीनमा सबैभन्दा बढी पाइने यो चरा दुई वर्षभित्रै लोप हुने अवस्थामा पुग्यो । भँगेरा मार्दा प्रयोग गर्ने विधिले अरु प्रजातिका चरा उत्तिकै मारिए ।

यो अभियानका कारण करोडौं भँगेरा मरेपछि किराको आक्रमण बढ्न थाल्यो । सलह रुचाउने भँगेरा नामेट भएपछि सलहले बालीनाली सत्यानास गरिदियो । यसले चीनमा भोकमरी डरलाग्दोसँग बढ्यो । जनतामा हाहाकार मच्चियो । भँगेरा मास्दा यो परिणाम आएको सुझाव विज्ञहरूले माओलाई दिए । खोजेको एउटा, भयो अर्कै । यति विधि गल्ती गर्दा पनि माओले गल्ती स्वीकारेनन् । बरु गोप्य रुपमा रुससँग लाखौं भँगेरा आयात गरे ।

सबै वर्ग, क्षेत्र, लिङ्गका मानिसलाई मन्त्री, सांसद बनाएर देश बन्ने होइन । इमानसहितको सपना देख्ने मानिस राज्यमा पुग्नुपर्छ । असमानता हाम्रो शासकीय प्रणालीमा छ । देशको प्रशासनिक मुख्यालयमा एकपछि अर्का शासक आए, समन्वयकारी आएनन् । सुधार थाल्ने हो भने सबैभन्दा पहिला त्यहाँका ठूला मानिसका गोप्य बैठक कक्षमा डोजर लगाउनुपर्छ । जनताको हित पहिलो र अन्तिम एजेण्डा भएपछि गोप्य मन्त्रणाको औचित्य के हुन्छ ? एउटा सामान्य नागरिकले न डढेको सिंहदरबार हेर्न पाउँछ, न बनेको नै । भित्र पस्न त्यहाँको पहुँचवालाको अनुग्रह नपरेसम्म सम्भव हुँदैन । बेलायत, अमेरिका, अष्ट्रेलियाको संसद, राष्ट्रसंघको पोडियममा फोटो खिचेर आएको नेपाली सांसद बनाउँछ, संसद भवन पहुँच राख्न सक्दैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले अहिले पाएको दुई तिहाईसँग २०१५ सालमा कांग्रेसले अनपेक्षित प्राप्त गरेको सफलतासँग संयोग मिल्छ । जुन सफलता उनीहरूको आशाभन्दा बाहिरको थियो ।

मन्त्रालयको सचिव ट्रेड युनियनको नेता छ भने कार्यालय सहायकसँग पनि अङ्कमाल गर्छ, नत्र आफूलाई जिन्दगीभर सुरक्षित यात्रा गराउने चालकलाई हात मिलाएर जन्मोत्सवको शुभकामना दिँदैन । कर्मचारीतन्त्रको जिन नै तदर्थवादबाट शुरु भएर त्यहीं अन्त्य हुन्छ । हाँसेर सेवा दिने-लिने संस्कार त्यहाँ हिमालमा यती खोजेजस्तै हो । सरकारी राज्यकोषलाई कर्मचारी आफ्नो बपौती ठान्छ । राज्यकोषबाट निर्मित नयाँ संरचनामा जस लिन दावी गर्नेको उत्पात खेलकुद चल्छ । लोकसेवाले क्षमताको कसी लगाउँछ, आचरण चिन्दैन । कर्मचारीभित्र गणेश र कुमार चरित्रबीच द्वन्द्व छ । एकथरि 'सीडीओ साप' नभनिँदा आईसीयू भर्ना गर्नुपर्ने प्रवृत्तिका छन् । अर्काथरि सिंहदरबार बाहिर सरुवा हुनुपर्दा हस्तिनापुर हारेको अनुभव गर्ने छन् । सहसचिवमा घोकन्ते भतिज र सामन्ती काका पुस्ताको जामले एउटै व्यक्ति डेढ दशक रजगज गरिरहेको छ । एउटा सहसचिव डेढ दशक रहनु भनेको मन्त्री पाल्नुभन्दा चर्को हो । बोर्ड अफ डाइरेक्टर, विदेश भ्रमण, ब्राण्डेड गाडी, गाडी मर्मत, तेलको छ्याकनमा हाकिमहरूको चलाखी प्रशासनिक संयन्त्र अल्झेको छ । मन्त्रीको कार्यकक्षमा सचिव, सचिवकोमा सहसचिव र सहसचिवकोमा उपसचिव अनि शाखा अधिकृतको अखडा जम्नुलाई चलायमान प्रशासनको संज्ञा दिइन्छ ।

सिंहदरबारभित्र ठूला मानिसका सचिवालयमा काम गर्ने पिएहरूको स्वभावले पनि निजामती सेवाको बिम्ब देखाउँछ । भेटघाट गराउने ब्रिजको काम गर्नुपर्ने सचिवालयका मानिस सहजकर्ता हुनुपर्नेमा उनीहरू भेटघाट नगराउनेमा बढी सक्रिय हुन्छन् । मान्छेले मान्छेलाई गर्नुपर्ने न्यूनतम सत्कार तिनीहरूको बोलीमा देखिँदैन । सचिवालय चुस्त र दुरुस्त बनाउन करारमा नयाँपुस्ता भर्ती गर्न जरुरी छ । ढोकाबाट पस्दा जोर घडाको लच्छिन कार्यालयमा पनि त चाहिएला नि !

सूर्यसँग जिस्किँदा कुन्तीले कुमारी आमाको हाल भोगेजस्तै अनपेक्षित परिणाम धान्न सकिएन भने त्यसले आत्मघाती अवस्थाको निम्तो दिन्छ ।

हामी प्रधानमन्त्रीय शासन प्रणालीमा छौं । असल कर्मका लागि कानुनी हिसाबले नेपालको प्रधानमन्त्री संसारका कुनै शक्तिशाली सरकार प्रमुखभन्दा कम छैनन् । त्यसका लागि अहिलेसम्म जोक्कर बनाइएको प्रधानमन्त्री कार्यालयलाई चुस्त बनाउन आवश्यक छ । सबै मन्त्रालयको छायाँकपी प्रधानमन्त्री कार्यालय बन्नुपर्छ । आज देशमा कति नागरिक जन्मिए ? कति दैवका प्यारा भए ? कति देशबाहिर गए ? प्रधानमन्त्रीले आफ्नो टेबलमा बस्दा आईप्याड खोलेर कम्तिमा यी विवरणको हेक्का राखून् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले अहिले पाएको दुई तिहाईसँग २०१५ सालमा कांग्रेसले अनपेक्षित प्राप्त गरेको सफलतासँग संयोग मिल्छ । जुन सफलता उनीहरूको आशाभन्दा बाहिरको थियो । सूर्यसँग जिस्किँदा कुन्तीले कुमारी आमाको हाल भोगेजस्तै अनपेक्षित परिणाम धान्न सकिएन भने त्यसले आत्मघाती अवस्थाको निम्तो दिन्छ । ०१५ सालको चुनाव हुनु तीन दिनअघि पत्रकार मदनमणि दीक्षितले बीपीलाई भेटेर सोधेका थिए- 'चुनावमा तपाईंको पार्टीको अवस्था के हो ?' जवाफमा उनले भने- 'तपाईंले पत्रिकाका लागि सोध्नुभएको कि व्यक्तिगत ? पत्रिकाका लागि हो भने बहुमत हाम्रो आउँछ । हैन, व्यक्तिगत हो भने ४८ सिट आयो भने हामी खुसी हुन्छौं ।'

त्यो चुनावमा संसदको १०९ सिटमध्ये कांग्रेसले ७४ सिट हात पाऱ्यो । आश्चर्य त के छ भने त्यसबखतका चर्चित नेताहरू टंकप्रसाद आचार्य, पुष्पलाल श्रेष्ठ, केआई सिंह, डा. केशरजंग रायमाझी, रंगनाथ शर्मा, सूर्यप्रसाद उपाध्याय, कृष्णप्रसाद भट्टराई, सूर्यबहादुर थापा, नगेन्द्रप्रसाद रिजाललेे शर्मनाक हार व्यहोरे । अरु त अरु राजा महेन्द्रका ससुरा हरिशमशेर र मामा ससुरा योगविक्रम शाहलाई समेत चुनाव फापेन ।

अब फेरि अर्को प्रयोगशाला नबनाऔं । बनाउन सकिन्न भने बनेको संरचना नभत्काउँ । नबिर्सौं यो धरा जन्मिएकाको मात्र हैन, नजन्मिएकाहरूको पनि हो । अहिलेका हर्क साम्पाङजस्तै केआई सिंह छेडछाडमा उत्रिन्थे । उनी कांग्रेस कम्युनिष्टलाई भक्कु गाली गर्थे । चुनावी प्रचारमा हिँड्दा विपक्षी नेताहरूलाई धारे हात लगाउँदै भन्थे- 'टंकप्रसाद आचार्य केको नेता त्यो सिमेन्टको बोरा हो । गणेशमान त्यो पिलन्धरे जिउभरि गु लगाएर भाग्ने मान्छे के को वीर ? सिंहदरबार २४ घण्टा कब्जा गर्ने म वीर हो ।' अबको राजनीति गर्नेले भागवत गीता हैन अष्टावक्र गीता कण्ठस्थ गर्नुपर्छ । जसरी नजन्मिदैको बालकले प्रश्न गरेर आफ्नै बालाई कठघरामा उभ्याए, अब राजनीतिक चेत भएका अल्फा पुस्ताले जेनजी पुस्तालाई त्यसैगरी धक्का हान्नेछ ।

हरित क्षेत्र र मानसिक स्वास्थ्य



✍ शर्मिला आचार्य

परिचय

अहिले मानिसहरू स्वास्थ्यप्रति सजग बन्दैगएका छन् । व्यस्त जीवनशैलीबीच पनि स्वस्थ रहने चाहना बढेसँगै बजारमा विभिन्न स्वास्थ्यसम्बन्धी उत्पादन र प्रवृत्तिहरूको विस्तार हुँदैगएको छ । अहिले बिहान हिँड्न निस्किने र जिम जाने चलन सामान्य बन्दै गएको छ ।

कुन फलफूल, तरकारी र खानामा प्रोटिन, भिटामिन र फाइबर बढी हुन्छन् भन्नेबारे जानकारी लिँदै त्यसको प्रयोग गर्ने प्रवृत्ति पनि बढेको छ । प्रोटिन र मल्टिभिटामिनको चर्चा त झन् विशेष छ । बजारमा महँगा तथा सस्ता दुवै प्रकारका प्रोटिन पाउडर र भिटामिन ट्याब्लेटहरूको विक्री उल्लेखनीय रूपमा बढेको छ । यी उपायहरूको मुख्य उद्देश्य शारीरिक स्वास्थ्यलाई सुदृढ बनाउनु हो ।

यस्ता उपायहरूले केही हदसम्म मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छन् । तर हाम्रो समाजमा मानसिक स्वास्थ्य प्रवर्द्धनका अन्य उपायहरू र तिनको महत्त्वबारे पर्याप्त ध्यान दिइएको देखिँदैन । विश्वभरजस्तै नेपालमा पनि तनाव, चिन्ता र उदासीजस्ता समस्या बढिरहेका छन् ।

तर यसबारे खुलेर कुरा गर्ने, सहयोग खोज्ने तथा सामूहिकरूपमा समाधान खोज्ने प्रवृत्ति, संस्थागत प्रणाली र सहज वातावरणको अभाव देखिन्छ । सन् २०१९ मा नेपालमा करिब ३९ लाख मानिसमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएको थियो । तीमध्ये करिब ११ लाखमा उदासी (डिप्रेसन) र ९ लाखमा चिन्तासम्बन्धी (एन्जाइटी) समस्या देखिएको थियो ।

मानसिक स्वास्थ्य प्रवर्द्धन तथा उपचारका लागि वैज्ञानिकहरूले विभिन्न उपायहरूको खोजी गरिरहेका छन् । योग, व्यायाम, पर्याप्त निद्रा, सन्तुलित आहार, सामाजिक सद्भाव तथा सामाजिक मान्यताले मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । पछिल्ला वर्षहरूमा शारीरिक तथा वातावरणीय स्वास्थ्यसँग मानसिक स्वास्थ्यको सम्बन्धबारे अनुसन्धान तीव्ररूपमा बढिरहेको छ ।

परिभाषा

हरित क्षेत्र भन्नाले सामान्यतः जङ्गल, सडकछेउका रूखहरू, पार्क, घरको आँगन, खेतीयोग्य जमिन तथा खेतबारीजस्ता वनस्पति पाइने स्थानहरूलाई जनाउँछ । सहरी दृष्टिकोणबाट हेर्दा पार्क, घाँसे मैदान, घरको बगैंचा, सहरी वन तथा सहरी कृषि क्षेत्रहरू हरित क्षेत्रअन्तर्गत पर्छन् ।

तीव्र सहरीकरणका कारण खुला स्थानहरू आवासीय तथा व्यावसायिक संरचनाले ढाकिँदै गएकाले हरित क्षेत्रहरू वर्षेनि घट्दै गएको छ । विशेषतः योजनाबद्ध नभएका सहरी क्षेत्रहरूमा यस्तो अवस्था झन् स्पष्ट देखिन्छ। यस्तो अवस्थामा हरित क्षेत्रहरूले हाम्रो जीवन र मानसिक स्वास्थ्यलाई कसरी संरक्षण गर्छन् भन्ने विषय अझ महत्त्वपूर्ण बन्दै गएको छ।

हरित क्षेत्र र मानसिक स्वास्थ्य सूचकहरू

हरित क्षेत्रहरू वातावरणीय प्रणाली, शारीरिक स्वास्थ्य र स्वस्थ जलवायुका लागि त आवश्यकै हुन्छन् । तर मानसिक स्वास्थ्यमा यसको प्रभावबारे भने करिब दुई दशकदेखि निरन्तर अनुसन्धान हुँदैआएको छ । अनुसन्धानहरूका अनुसार बढी हरित क्षेत्र भएका स्थानहरूमा मानसिक स्वास्थ्यका सूचकहरू तुलनात्मकरूपमा राम्रो देखिएका छन् ।

सन् २०२४ मा वैज्ञानिकहरूको टोलीले गरेको भूस्थानिक अध्ययनअनुसार ५० प्रतिशतभन्दा बढी रूखले ढाकिएका बस्तीहरूमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या कम देखिएका थिए । विशेषतः घाँसे मैदान भएका क्षेत्रहरूको तुलनात्मक अध्ययनले डिप्रेसन र चिन्ताको जोखिम घट्ने संकेत गरेको छ । एउटा पूर्वअध्ययनहरूको (मेटा) विश्लेषणअनुसार हरित क्षेत्र १० प्रतिशतले बढ्दा डिप्रेसनमा ३.७ प्रतिशत र चिन्तामा ६.७ प्रतिशतसम्म कमी आउने सम्भावना देखिएको छ । कारण र परिणाम सम्बन्ध स्पष्टरूपमा पुष्टि गर्न अझै चुनौती भए पनि कम हरियाली भएका क्षेत्रबाट बढी हरियाली भएका क्षेत्रमा सरेका मानिसहरूको मानसिक स्वास्थ्यमा सुधार देखिएको तथ्यले यस सम्बन्धलाई थप पुष्टि गर्छ ।

सम्बन्धलाई प्रभाव पार्ने मध्यस्थ कारकहरू

१. शारीरिक सक्रियता

विभिन्न अध्ययनहरूले हरित क्षेत्रहरूले शारीरिक गतिविधि बढाउन मद्दत गर्ने देखाएका छन् । खेलकुद, हिँडडुल, दौड, योगजस्ता गतिविधिले शरीरमा इन्डोर्फिन हर्मोनको स्तर बढाउँछ जसले मनोभावमा सुधार गर्छ भने तनाव दिने हर्मोन घटाउन पनि मद्दत गर्छ । यसले ध्यान विचलन घटाउने, निद्रामा सुधार गर्ने तथा मानसिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउँछ । अध्ययनअनुसार हरित क्षेत्रमा बसोबास गर्ने मानिसहरू शारीरिरकरूपमा सक्रिय हुने सम्भावना २७ प्रतिशत बढी देखिएको छ ।

२. सामाजिक अन्तर्क्रिया र सामाजिक एकता

हरित क्षेत्रहरू सामाजिक अन्तर्क्रिया र सामुदायिक सम्बन्ध सुदृढ गर्ने स्थानका रूपमा पनि महत्त्वपूर्ण हुन्छन् । यस्ता क्षेत्रहरूले परिवार, साथीभाइ तथा समुदायबीच भेटघाट, पिकनिक, उत्सव तथा खेलकुदजस्ता गतिविधि प्रोत्साहित गर्छन् ।

यसले सामाजिक एकता बढाउँछ र एक्लोपन घटाउँछ जुन मानसिक स्वास्थ्य समस्याको प्रमुख कारणमध्ये एउटा हो । अध्ययनअनुसार हरित क्षेत्रमा समय बिताउनु र मानसिक सुस्वास्थ्यबीचको सम्बन्धको करिब २५ प्रतिशत भाग शारीरिक गतिविधि र एक्लोपन घट्नुले व्याख्या गर्छ ।

३. सौम्य आकर्षण

प्रकृतिले सहज रूपमा ध्यान आकर्षित गर्ने क्षमतालाई 'सौम्य आकर्षण' भनिन्छ । यसले मानिसलाई दैनिक तनावबाट केही समय टाढा राखी मानसिक विश्राम प्रदान गर्छ । पन्छीहरूको आवाज, फूलहरूको रङ्ग, नदीको बहाव, झरनाको स्वर र रूखको छायाले मनलाई शान्त बनाउन मद्दत गर्छन् । यसले सचेतता (माइन्डफुलनेस) बढाउँछ, नकारात्मक सोच घटाउँछ र सकारात्मक भावना विकास गर्न सहयोग पुऱ्याउँछ । एउटा अध्ययनमा हरियाली क्षेत्रमा १० मिनेट बिताउँदा माइन्डफुलनेसको स्तर उल्लेखनीय रूपमा बढ्ने देखिएको छ।

४. वायु प्रदूषण न्यूनीकरण

वायु प्रदूषण मानसिक स्वास्थ्य समस्यासँग पनि सम्बन्धित देखिएको छ। पीएम २.५, पीएम.१०, सल्फर अक्साइड, नाइट्रोजन अक्साइड तथा कार्बन मोनोक्साइड जस्ता प्रदूषकहरूले मस्तिष्कमा सूजन उत्पन्न गरी न्यूरोनमा क्षति पुऱ्याउन सक्छन् । प्रदूषित क्षेत्रमा बसोबास गर्ने मानिसहरूमा डिप्रेसन र चिन्ताका लक्षण बढी देखिने अध्ययनहरूले संकेत गरेका छन् ।

हरित क्षेत्रहरूले प्राकृतिकरूपमा प्रदूषकहरू सोस्ने र फिल्टर गर्ने काम गर्छन्। चीनको सहरी क्षेत्रमा गरिएको अध्ययनअनुसार सडकछेउका रूखहरूले पीएम २.५ को स्थानीय स्तर १० देखि ३० प्रतिशतसम्म घटाउन सक्छन् ।

हरित क्षेत्र प्रभावकारी बनाउन आवश्यक तत्व

हरित क्षेत्रको प्रभाव बढाउन निम्न पक्ष महत्त्वपूर्ण मानिन्छन् -

१. पर्याप्त क्षेत्रफल र हरियाली
२. राम्रो गुणस्तर र व्यवस्थापन
३. सजिलो पहुँच
४. नियमित भ्रमणको अवसर
५. प्राकृतिक स्थानहरूको विविधता
६. सुरक्षित तथा आकर्षक डिजाइन
७. खेलकुद तथा मनोरञ्जनका पूर्वाधार

निष्कर्ष

हरित क्षेत्रहरूले मानव स्वास्थ्य र जीवनको गुणस्तर सुधार गर्न बहुआयामिक भूमिका खेल्छन् । योजनाबद्ध सहरीकरण र ग्रामीण विकास प्रक्रियामा हरित क्षेत्रलाई प्राथमिकताका साथ समावेश गर्नसके मानसिक स्वास्थ्यसहित समग्र जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ ।

हरित क्षेत्र प्रवर्द्धनका उपायहरू

नीतिगत पहल

सरकारले हरित क्षेत्र विकासका लागि स्पष्ट नीति निर्माण गरी नयाँ हरित क्षेत्रका लागि जग्गा छुट्याउने तथा विद्यमान क्षेत्रहरूको संरक्षण सुनिश्चित गर्नुपर्छ ।

आठ वर्षपछि पक्की पुल निर्माण सम्पन्न



काँक्रेविहार संवाददाता
सुर्खेत, १७ चैत

कर्णाली कोरिडोरअन्तर्गत सिमकोट-हिल्सा सडकखण्डको हेक्पाखोलामा निर्माणाधीन पक्की पुल आठ वर्षपछि सम्पन्न भएको छ। सिमकोट र नाम्खा गाउँपालिकाको सिमानामा रहेको उक्त पुल निर्माण सम्पन्न भएसँगै अहिले सवारी साधन सञ्चालनमा आएका छन्। हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीका अनुसार पटक-पटक म्याद थप र निर्देशनपछि निर्माण कम्पनीले अन्ततः पुलको काम पूरा गरेको हो।

पुल नबन्दा यसअघि सो स्थानमा काठे पुल प्रयोग गरेर सवारी आवतजावत हुँदै आएको थियो। २०७४ साउन ६ गते सपना धुलिखेल जेभीसँग निर्माण सम्झौता गरिएको उक्त पुल २०७६ साउन १५ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। तर निर्धारित समयमा काम नसकिएपछि चार पटकसम्म म्याद थप गरेर निर्माण कार्य अगाडि बढाइएको थियो।

२५ मिटर लम्बाइ र १० मिटर चौडाइ (फुटपाथसहित) रहेको पुल निर्माणका लागि कुल ११ करोड २९ लाख २ हजार रुपैयाँ खर्च भएको छ। निर्माणमा ढिलाइ हुनुको प्रमुख कारण सडक सञ्जाल अभाव रहेको निर्माण कम्पनीका सबइन्जिनियर धनराज शाहीले बताएका छन्।

उनका अनुसार चीनको ताक्लाकोटबाट खच्चडमार्फत निर्माण सामग्री ढुवानी गर्नुपर्दा काम प्रभावित भएको थियो। हाल हुम्ला सडक सञ्जालसँग जोडिएपछि आवश्यक सामग्री ढुवानी सहज भएको र त्यसपछि निर्माण कार्यले तीव्रता पाएको हो। पुल सञ्चालनमा आएपछि सिमकोट-हिल्सा तथा लिमी-लाप्चा सडकखण्डमा यातायात सेवा सञ्चालन गर्न थप सहज भएको जनाइएको छ।

२०४८ सालयताका उच्चपदस्थको सम्पत्ति छानबिन : को-को छन् अनुसन्धानको राडारमा ?

काँक्रेविहार संवाददाता
काठमाडौं, १७ चैत

नेपाल सरकारले पुनः स्थापना भएयता सार्वजनिक पदमा बसेका राजनीतिक नेता, उच्चपदस्थ कर्मचारी तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने तयारी गरेको छ। यो निर्णयलाई देशमा भ्रष्टाचार नियन्त्रण र सुशासन सुधारतर्फको एक ठूलो कदमका रूपमा हेरिएको छ।

सरकारका अनुसार, यस छानबिन प्रक्रियामा करिब १० हजार व्यक्ति पर्न सक्ने अनुमान गरिएको छ। यसमा पूर्वप्रधानमन्त्री, मन्त्री, सांसद, सरकारी उच्च अधिकारीदेखि विभिन्न निकायमा नियुक्त भएका व्यक्तिहरू सम्म पर्नेछन्।

छानबिन कसरी अघि बढाइँदैछ ?

सरकारले यो काम व्यवस्थित र कानुनी रूपमा अघि बढाउनका लागि १५ दिनभित्र एउटा अधिकार सम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने तयारी गरेको छ। यस समितिमा अर्थ, राजस्व, कानुन र अनुसन्धान क्षेत्रका विज्ञहरू रहने बताइएको छ। यो समितिले सम्पत्ति छानबिनलाई दुई चरणमा विभाजन गरेर काम गर्ने योजना बनाएको छ।

पहिलो चरणमा २०६२/०६३ सालको जनआन्दोलनपछि हालसम्म सार्वजनिक पदमा बसेका व्यक्तिहरूको सम्पत्ति जाँच गरिनेछ। दोस्रो चरणमा २०४८ देखि २०६१/६२ सम्मको अवधिमा पदमा रहेका



व्यक्तिहरूको सम्पत्ति छानबिन गरिनेछ।

यसरी चरणबद्ध रूपमा काम गर्दा लामो समयको सरकारी संरचना र विभिन्न राजनीतिक कालखण्डलाई समेट्न सकिने सरकारको विश्वास छ।

किन सुरु भयो यस्तो छानबिन ?

नेपालमा लामो समयदेखि सरकारी पदमा बसेका व्यक्तिहरूले आफ्नो आयस्रोतभन्दा बढी सम्पत्ति आर्जन गरेको आरोप लाग्दै आएको छ। विशेषगरी ठूला पूर्वाधार, जग्गा, ठेक्का, खरिद तथा नीतिगत निर्णयसँग सम्बन्धित भ्रष्टाचारका मुद्दाहरू बारम्बार उठ्ने गरेका छन्।

विगतमा पनि यस्ता विषयमा छानबिनका लागि आयोग गठन भएका थिए। तर ती प्रतिवेदनहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको वा सार्वजनिक नै नभएको भन्दै आलोचना हुने गरेको छ। अहिलेको सरकारले भने २०४८ सालयताका सबै सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गरेर भ्रष्टाचारको जरोसम्म पुग्ने लक्ष्य राखेको देखिन्छ।

अनुसन्धानमा को-को पर्नेछन् ?

प्रारम्भिक जानकारी अनुसार, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले पनि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रका आधारमा केही उच्चपदस्थ व्यक्तिहरूको अनुसन्धान सुरु गर्ने तयारी गरेको छ।

यसमा पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल र माधव नेपालजस्ता शीर्ष नेताहरूको नाम पनि समावेश भएको बताइएको छ। त्यस्तै, पूर्वमन्त्रीहरू आरजु राणामाथि पनि अनुसन्धान अघि बढाइँदैछ। पूर्वमन्त्री दीपक खड्कालाई पत्राउसमेत गरिएको छ।

यस अतिरिक्त नेताका परिवारका सदस्य, नातागोता र विगतमा बिचौलियाको भूमिकामा रहेका व्यक्तिहरू पनि अनुसन्धानको दायरामा पर्ने बताइएको छ।

सरकारले केवल व्यक्तिगत सम्पत्तिमात्र होइन, ठूला भ्रष्टाचारका प्रकरणहरूमा पनि पुनः अनुसन्धान गर्ने संकेत गरेको छ।

यसमा वाइडबडी विमान खरिद प्रकरण, ललिता निवास जग्गा अनियमितता, नक्कली भुटानी शरणार्थी प्रकरण, सुन तस्करी, सुडान घोटाला, कर छल्यौट, टेरामक्स प्रणाली, सेक्युरिटी प्रेस खरिद, मेलम्ची आयोजना लगायतका मुद्दाहरू समेटिएका छन्।

यी सबै प्रकरणहरू विगतमा धेरै चर्चामा आएका थिए। तर पूर्ण रूपमा निष्कर्षमा नपुगेको वा विवादित रहेको भन्दै पुनः अध्ययन र अनुसन्धान आवश्यक रहेको सरकारको धारणा छ।

राजनीतिक पृष्ठभूमि र दबाब

यो कदम अचानक आएको होइन। नेपालमा लामो समयदेखि भ्रष्टाचार नियन्त्रणको माग बलियो हुँदै आएको छ। विशेषगरी युवा पुस्ता (जेनजी) ले पारदर्शिता र जवाफदेहिता माग गर्दै आएका छन्।

त्यसै दबाबका कारण सरकारले भ्रष्टाचार नियन्त्रणलाई आफ्नो प्रमुख एजेन्डा बनाएको बताइएको छ।

साथै, विगतमा पनि २०७५ सालतिर उच्चस्तरीय छानबिन आयोग गठनको माग उठेको थियो। तत्कालीन राजनीतिक नेतृत्वहरूले त्यसलाई पूर्ण रूपमा अघि नबढाएको आरोप लाग्दै आएको छ।

अब भने सरकारले नै समिति बनाएर काम अघि बढाउने निर्णय गरेको छ।

सरकारको अपेक्षा

सरकारले यो छानबिनले राज्यकोषमा भएको दुरुपयोग पत्ता लगाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र भविष्यमा यस्ता गतिविधि रोक्ने अपेक्षा राखेको छ। साथै, यसले राज्यप्रति जनताको विश्वास बढाउने सरकारको विश्वास छ।

२०४८ सालयता सार्वजनिक पदमा बसेका हजारौँ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने सरकारको निर्णय नेपालमा अहिलेसम्मकै सबैभन्दा ठूलो भ्रष्टाचार अनुसन्धान प्रयासमध्ये एक मानिएको छ।

लायन्स क्लब रूकुम पश्चिमको नयाँ नेतृत्व चयन

काँक्रेविहार संवाददाता
रूकुम पश्चिम, १७ चैत

लायन्स क्लब रुकुम पश्चिमको कार्यसमितिले पूर्णता पाएको छ। यसअघि जय बहादुर थापाको अध्यक्षतामा गठन गरिएको कार्यसमितिलाई विस्तार गर्दै आवश्यक पदपूर्ति गरेको हो। अध्यक्ष थापाको नेतृत्वमा सम्पन्न बैठकमा विभिन्न पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा कार्यसमितिलाई थप सशक्त बनाउने गरी नयाँ जिम्मेवारी बाँडफाँट गरिएको छ।

नवगठित कार्यसमितिमा प्रथम उपाध्यक्षमा शिव श्रेष्ठ, द्वितीय उपाध्यक्षमा अनिता कुमाई भण्डारी, सचिवमा बिमल कुमार शर्मा र कोषाध्यक्षमा सार्कु प्रसाद लामिछाने चयन भएका छन्। यसैगरी सदस्यता व्यवस्थापन अध्यक्षमा हरी बिष्णु ओली, LCIF संयोजकमा मन्दिप गौतम, क्लब व्यवस्थापन अध्यक्षमा तुलसीराम बोहरा तथा सूचना तथा सञ्चार अध्यक्षमा ठान बहादुर केसी चयन भएका छन्।

निर्देशक पदमा डा. दीपक पुन, डा. हरि केसी, सुनिता केसी, रुपा ओली, नागेन्द्र पुन र मनोज खड्का चयन भएका छन्।

भने सदस्यहरूमा सागर मल्ल, हर्क बहादुर भण्डारी, अर्जुन श्रेष्ठ, तेजकुमार ओली र शिशिर गौतम रहेका छन्। बैठकले कार्यसमितिलाई पूर्णता दिँदै आगामी दिनमा सामाजिक सेवा, सहयोग तथा विकासमुखी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउने निर्णय गरेको छ। साथै, सहभागी पदाधिकारीहरूले संस्थालाई अझ सक्रिय र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्लास्टिक झोलामाथि कडाइ

काँक्रेविहार संवाददाता
सल्यान, १७ चैत

सल्यानको कुमाख गाउँपालिकाले ४० माइक्रोनभन्दा कम मोटाइका प्लास्टिक झोलाको उत्पादन, बिक्री, वितरण र प्रयोगमा कडाइ गरेको छ। वातावरणीय प्रदूषण घटाउने र दिगो विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले यो निर्णय कार्यान्वयनमा ल्याएको हो।

नेपाल सरकारको "प्लास्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ अनुरूप चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत २०८२ मंसिर १ गतेदेखि यस्ता पातला प्लास्टिक झोलामा पूर्ण प्रतिबन्ध लागू गरिएको हो।

सुशासन मार्गचित्र, २०८२ ले पनि वातावरणीय सन्तुलन र प्रदूषण नियन्त्रणका लागि ४० माइक्रोनभन्दा कम मोटाइका प्लास्टिक झोलामाथि प्रतिबन्धको व्यवस्था गरेको छ। नीतिलाई प्रभावकारी बनाउन गाउँपालिकाले बजार अनुगमनलाई तीव्र बनाएको जनाएको छ। गाउँपालिकाका अनुसार प्लास्टिक झोलाको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति घटाउने र पानीका स्रोत प्रदूषित गर्ने र पशुपन्छी तथा अन्य जीवजन्तुको जीवनमा नकारात्मक असर पार्ने गरेको छ।

दीर्घकालीन रूपमा यसले मानव स्वास्थ्यमा समेत असर पुऱ्याउने भएकाले नियन्त्रण आवश्यक भएको बताइएको छ। वन, वातावरण तथा विपद् शाखा प्रमुख जीवन शर्माले वातावरण संरक्षणलाई स्थानीय सरकारको प्राथमिक जिम्मेवारीका रूपमा लिइएको उल्लेख गर्दै सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताए।

गाउँपालिकाले सचेतना अभिवृद्धि, वैकल्पिक सामग्रीको प्रयोग प्रोत्साहन र नियम उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्ने नीति अवलम्बन गरेको छ। साथै, बजार अनुगमन नियमित गरी नियम विपरीत काम गर्नेहरूलाई चेतावनी र जरिवानाको व्यवस्था गरिने जनाएको छ। प्लास्टिक झोलाको विकल्पका रूपमा कपडा, जुट र कागजका झोला प्रयोग गर्न गाउँपालिकाले आग्रह गरेको छ । साथै, यस्ता वातावरणमैत्री झोलाको स्थानीय उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने योजना रहेको छ।

कांग्रेसमा चर्किँदै आन्तरिक द्वन्द्व

काँक्रेविहार संवाददाता
काडमाडौं, १७ चैत

नेपाली कांग्रेसको चौधौँ महाधिवेशनबाट सभापति बनेका शेरबहादुर देउवा नेतृत्वको समूहले समानान्तर गतिविधि तीव्र पारेको छ।

निवर्तमान सभापति देउवा विदेशमा रहे पनि कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा मंगलबार काठमाडौंको धुम्बाराहीस्थित होटल स्मार्टमा उक्त समूहको भेला सुरु भएको छ।

फागुन २१ गतेको चुनावी परिणामपछि पार्टी फुट्ने आशंका बढिरहेका बेला चौधौँ महाधिवेशनबाट निर्वाचित १२३ जना केन्द्रीय कार्यसमिति सदस्यहरू भेलामा सहभागी भएका दाबी गरिएको छ।

मंगलबारदेखि सुरू भएको भेलामा हालसम्म १५ जना केन्द्रीय सदस्यहरूले आफ्नो धारणा राखिसकेका नेता मानबहादुर नेपालीले बताए। बैठकमा जम्मा १२३ जना केन्द्रीय कार्यसमिति सदस्य सहभागी भएको बताइएको छ।

विशेष महाधिवेशन नाटकमात्रै

भेलामा सहभागी चौधौँ महाधिवेशनका केन्द्रीय कार्यसमिति सदस्य मानबहादुर नेपालीले पुसमा भएको विशेष महाधिवेशनलाई 'नाटक' भनेका छन्।

उनले गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई कुन शक्तिले चलायो भन्दै प्रश्न गरे। 'उहाँहरू शक्ति केन्द्रको इशारामा चलेर कांग्रेसको एउटा पंक्तिलाई पाखा लगाउने कदमले फागुन २१ को चुनावमा नराम्रो हार भएको छ,' नेपालीले बैठकमा भने।

नेता नेपालीले चुनावमा होमिने भएपछि आफूहरूले आन्तरिक विषय थाती राखेको दाबी गरे।

'निर्वाचन आयोगले गगन थापाहरूलाई वैधता दिएपछि फागुन २१ गतेको निर्वाचन नसकुञ्जेल हामीले पार्टीको आन्तरिक विषयलाई थाती राखेर बसेका थियौँ', उनले भने, 'तर यसबीचमा गगन-विश्वप्रकाश शर्माले वार्ता, संवाद र सहमतिको कुनै पहल गर्नु भएको छैन। उहाँहरू जुन शक्तिको इशाराबाट काम गर्नु भएको छ, त्यो ठीक भएन।'

आन्तरिक संघर्ष चर्काउने चेतावनी

नेपालीले अझै पनि लापरवाही, बलमिच्याइँ र पेलेर जान खोजे आन्तरिक संघर्ष चर्काउने चेतावनी दिए। 'अहिले हाम्रा केन्द्रीय कार्यसमितिका साथीहरूलाई मनोवैज्ञानिक दबाब दिने, तर्साउने र धम्की दिने काम भइरहेको छ,' उनले भने।

नेता नेपालीले पार्टीले चुनावमा सर्वनास हार बेहोरेका बेला गगन समूह गम्भीर हुनुपर्नेमा जोड दिए।

समानुपातिक सूचीमा तोडमोड

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले भेलामा समानुपातिक उम्मेदवार चयनबारे चर्चा गरेका छन्। उनले विशेषका सभापति गगन थापाले समानुपातिक सूचीमा तोडमोड गरेको र मौजुदा कानुन मिचेको आरोप लगाए।

'पिछडिएको क्षेत्रबाट महिला र पुरुष पठाउनुपर्नेमा एकजना पुरुष मात्र पठाइएको छ। उहाँले यो ठीक गर्नु भएको छैन,' खड्काले बैठकमा बताए।

गगनलाई सभापति नमानेको जिकिर

भेलामा सहभागी नेताहरूले सर्वोच्च अदालतले पार्टीको आधिकारिकताबारे अन्तिम फैसला नदिँदासम्म गगन थापालाई सभापति नमानेको प्रष्ट पारेका छन्।

'कांग्रेसको प्रचलित नियम र विधानलाई मिचेर गगन थापाले फागुन २१ को निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवारको नाममा हस्ताक्षर गरेका हुन्', नेपालीले अगाडि भने, 'अदालतको फैसलापछि हामी ठोस निर्णय गरेर अघि बढ्छौँ।'

बैठकमा सहभागी नेताहरूले पनि यही कुरा राखेको जानकारी नेपालीले दिएका छन्।

हिउँदे अधिवेशन अझै अन्योल, महत्वपूर्ण विधेयक अलपत्र



काँक्रेविहार संवाददाता
कैलाली, १७ चैत

सुदूरपश्चिम प्रदेश सभाको बैठक चार महिनादेखि नबस्दा विभिन्न महत्वपूर्ण विधेयकहरू अलपत्र परेका छन्। कानुन निर्माणको प्रमुख थलो मानिने प्रदेश सभाको हिउँदे अधिवेशन अझै आह्वान हुन नसक्दा नीति निर्माण प्रक्रिया प्रभावित बनेको हो।

पुस वा माघमै सुरु हुनुपर्ने हिउँदे अधिवेशन यस वर्ष ढिलाइ भएको छ। गत जेठ ११ गते सुरु भएको बजेट अधिवेशन माघ २५ गते अन्त्य गरिएपछि नयाँ अधिवेशन बोलाउने विषयमा ठोस पहल हुन सकेको छैन। मुख्यमन्त्री कमलबहादुर शाहले भने चैतभित्रै प्रदेश सभा अधिवेशन बोलाउने तयारी भइरहेको जानकारी दिएका छन्।

उनका अनुसार वन ऐन संशोधन, टीकापुर प्राविधिक विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापन, बडघर भलमनसा प्रथा, दलित सशक्तीकरण संशोधन र स्थानीय सेवा सञ्चालनसम्बन्धी ऐन संशोधनलगायत आठ वटा विधेयक दर्ता अवस्थामा छन्। ती विधेयकहरू यसै महिनाको अन्त्यतिर सदनमा पेश गरी छलफल अघि बढाउने तयारी भइरहेको उनले बताए। साथै, सदनमा गम्भीर छलफलका लागि सबै प्रदेश सभा सदस्यलाई सक्रिय हुन आग्रहसमेत गरिएको छ।

प्रदेश सभा सभामुख भीमबहादुर भण्डारीले पनि ढिलाइ नगरी बैठक आह्वान गर्नुपर्नेमा जोड दिए। उता प्रमुख प्रतिपक्षी दल नेकपाले भने अधिवेशन आह्वानमा ढिलाइ भएको भन्दै असन्तुष्टि जनाएको छ। नेकपाका प्रदेश सभा सदस्य अक्कलबहादुर रावलका अनुसार सदन नचल्दा जनताका समस्या उठाउन नपाइएको र कानुन निर्माण प्रक्रिया अवरुद्ध भएको छ। उनले सरकारले जानाजान बैठक बोलाउन ढिलाइ गरिरहेको आरोप समेत लगाए। नयाँ आर्थिक वर्षको बजेट तयारीको समय नजिकिँदै गर्दा पनि अधिवेशन सुरु नभएकाले समग्र नीति निर्माण र कार्यान्वयनमा गम्भीर असर पर्ने देखिएको छ।

कर्णाली प्रदेश सरकार
जलश्रोत तथा उर्जा विकास मन्त्रालय
खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२-१२-१७

यस कार्यालयबाट तपशिलमा उल्लेखित ठेक्का नं. का लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्न बोलपत्रहरू बोलपत्र मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कन र सारभूत रूपमा प्रभावकारी भई स्वीकृतिका लागि छनोट एवं सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

क्र.सं.	ठेक्काको विवरण	प्रभावकारी देखिएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क (पि.एस. र भ्याट सहित रु.)
1	14/082-083/NCB/Works/ISP/DWIED-Surkhet	M/s Prithvi Energy Nirman Sewa Madi-2, Rolpa	1,43,03,495.32

नि.निर्देशक

डोल्पा हुम्लामा पाठ्यपुस्तक ढुवानी सुरू



❐ काँक्रेविहार संवाददाता
डोल्पा, १७ चैत

नयाँ शैक्षिक सत्र २०८३ लाई लक्षित गर्दै जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रादेशिक प्रेस नेपालगन्जबाट कर्णाली प्रदेशका हिमाली जिल्ला हुम्ला र डोल्पामा पाठ्यपुस्तक पठाउन सुरु गरिएको छ। प्रादेशिक प्रेस नेपालगन्जका प्रमुख रुद्र खनालका अनुसार चैत १६ गतेदेखि ती जिल्लाका लागि पुस्तक वितरण प्रक्रिया सुरु गरिएको हो।

कर्णाली र लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा आवश्यक पाठ्यपुस्तक नेपालगन्जस्थित गोदाममा आइपुगेको र हाल करिब ८५ प्रतिशत पुस्तक मौज्दात रहेको उनले जानकारी दिए। उनका अनुसार प्राथमिकताका आधारमा हिमाली क्षेत्रबाट सुरु गर्दै क्रमशः पहाडी र तराईका जिल्लामा पाठ्यपुस्तक वितरण भइरहेको छ।

निर्धारित समयतालिका अनुसार चैत १६ गते हुम्ला र डोल्पा, १७ गते रुकुम पूर्व, १८-१९ गते रुकुम पश्चिम, २०-२१ गते रोल्पा, २२ गते जाजरकोट, २३-२४ गते सल्यान, २५-२६ गते दाङ, २७-२८ गते बर्दिया र २९-३० गते बाँकेमा पुस्तक वितरण गरिनेछ।

पहिलो चरणमा चैत १६ देखि ३० गतेसम्म वितरण गरिनेछ भने दोस्रो चरणमा २०८३ वैशाख १ देखि १५ गतेसम्म बाँकी रहेका बिक्रेतालाई पुस्तक उपलब्ध गराइने योजना रहेको छ। विद्यार्थीहरूले विद्यालय खुलेको पहिलो दिनमै सम्पूर्ण पाठ्यपुस्तक पाउने गरी वितरण तालिका मिलाइएको जनाइएको छ।

कुल १५ लाख ९१ हजार थान पुस्तक बिक्री गर्ने लक्ष्य राखिएकोमा हाल १३ लाख ३५ हजार थान पुस्तक गोदाममा मौज्दात रहेको र बाँकी पुस्तक आउने क्रममा रहेको जनाइएको छ। गत आर्थिक वर्षमा १ सय २० बिक्रेतामार्फत १४ लाख ७३ हजार थान पुस्तक बिक्री गरी १९ करोड ६० लाख रुपैयाँ बराबरको कारोबार भएको थिया। यस वर्ष भने २१ करोड रुपैयाँ बराबरका पुस्तक बिक्री गर्ने लक्ष्य लिइएको छ।

नेपालगन्ज कार्यालय मार्फत कर्णालीका पाँच जिल्ला (हुम्ला, डोल्पा, रुकुम पश्चिम, जाजरकोट, सल्यान) र लुम्बिनीका पाँच जिल्ला (रुकुम पूर्व, रोल्पा, दाङ, बर्दिया, बाँके) गरी कुल १० जिल्लामा पाठ्यपुस्तक वितरण हुने गरेको छ।

जनक शिक्षा सामग्री केन्द्रले कक्षा ५ देखि १२ सम्मका पाठ्यपुस्तकहरू बिक्री गर्दै आएकोमा गत वर्षदेखि कक्षा ३ का पुस्तकसमेत वितरण सुरु गरेको छ। साथै, विराटनगर, पोखरा, भरतपुर, बुटवल, सुर्खेत, नेपालगन्ज, धनगढी र काठमाडौँस्थित आफ्ना बिक्री केन्द्रमार्फत पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ।

हात्ती छेकबार पर्खाल निर्माण

❐ काँक्रेविहार संवाददाता
बर्दिया, १७ चैत

बर्दिया राष्ट्रिय निकुञ्ज आसपासका बस्तीलाई वन्यजन्तुको जोखिमबाट जोगाउन ठाकुरबाबा नगरपालिकाले १७ किलोमिटर लामो हात्ती छेकबार आरसिसी पर्खाल निर्माण गरेको छ।

उच्च जोखिम क्षेत्रमा निर्माण गरिएको यो पर्खालले हात्ती, बाघ, गैँडालगायत वन्यजन्तुको प्रवेश रोक्न सहयोग पुगेको छ। नगरपालिकाको ३२ किलोमिटर क्षेत्र निकुञ्जसँग जोडिएको छ। गत वर्षसम्म ११ किलोमिटर पर्खाल निर्माण गरिएकोमा चालु आर्थिक वर्षमा थप चार किलोमिटर आरसिसी पर्खाल र बबई सिँचाइ आयोजनाअन्तर्गत दुई किलोमिटर नहर निर्माण भएपछि कुल १७ किलोमिटर छेकबार तयार भएको हो। निकुञ्ज आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएपछि बस्ती र खेतीयोग्य जमिन जोगाउन यस्तो संरचना निर्माण गरिएको नगर उपप्रमुख बिना भट्टराईले बताए। उनका अनुसार स्थानीयवासीको माग र बाध्यताका कारण अन्य विकास निर्माणका कामलाई थाती राखेर पर्खाल निर्माणलाई प्राथमिकता दिइएको हो।

यदि पर्खाल निर्माणमा बजेट खर्च गर्नुपरेको नहुँदो हो त थप २० किलोमिटर सडक निर्माण गर्न सकिन्थ्यो," उनले भने, "तर वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण गर्नु हाम्रो प्राथमिकता बनेको छ। हालसम्म करिब १५ किलोमिटर क्षेत्रमा आरसिसी पर्खाल निर्माण भइसकेको छ भने केही स्थानमा तत्कालका लागि करिब ६ किलोमिटर तारजालीसमेत जडान गरिएको छ।

बाँकी १५ किलोमिटर क्षेत्रमा पर्खाल निर्माण गर्न अझै बजेट आवश्यक रहेको जनाइएको छ। नगरप्रमुख तिलकराम लम्सालका अनुसार संघ सरकारसँगको सहकार्यमा पर्खाल निर्माण कार्य अगाडि बढाइएको हो। एक किलोमिटर पर्खाल निर्माण गर्न करिब एक करोड ८२ लाख रुपैयाँ लागत लाग्ने गरेको उनले जानकारी दिए।

पर्खाल निर्माणपछि बाघ, हात्ती, गैँडा, चित्तल र बँदेलजस्ता वन्यजन्तु बस्ती र खेतबारीमा पस्ने घटना घटेको स्थानीयवासीको अनुभव छ। यसले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा उल्लेखनीय सहयोग पुगेको मानिएको छ।

एसईई परीक्षालाई मर्यादित बनाउन जोड

❐ काँक्रेविहार संवाददाता
जुम्ला, १७ चैत

जुम्लामा माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा कुल २ हजार २ सय ५५ विद्यार्थी सहभागी हुने भएका छन्।

चैत १९ गतेदेखि सुरु हुने परीक्षाका लागि जिल्लाभर १४ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ। जिल्लाका ५२ माध्यमिक विद्यालयका विद्यार्थीहरू ती केन्द्रहरूबाट परीक्षामा सहभागी हुनेछन्। परीक्षा सञ्चालनलाई व्यवस्थित र मर्यादित बनाउन केन्द्राध्यक्षहरूलाई सोमबार अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ।

प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा परीक्षा सञ्चालनसम्बन्धी आवश्यक निर्देशन दिइएको शिक्षा विकास तथा समन्वय इकाई जुम्लाका प्रमुख रछाने लोहारले जानकारी दिए। उनका अनुसार सहभागीमध्ये २१ सय ३३ जना नियमिततर्फका विद्यार्थी रहेका छन्। तीमध्ये २ हजार १४ जना साधारण धारका र १ सय १९ जना प्राविधिक तर्फका रहेका छन्। १ सय २२ जना ग्रेडवृद्धिका लागि सहभागी हुनेछन्। परीक्षा चैत १९ गतेदेखि सुरु भई चैत २९ गतेसम्म सञ्चालन हुनेछ। परीक्षा मर्यादित र निष्पक्ष बनाउन केन्द्राध्यक्षहरूलाई विशेष निर्देशन दिइएको बताइएको छ। लोहारले विगतका अनुभवबाट सिक्दै यसपटक परीक्षा अझ व्यवस्थित र अनुशासित बनाउन जोड दिइएको उल्लेख गरे। शिक्षामा सुधार ल्याएर गुणस्तरीय जनशक्ति उत्पादन गर्नु आवश्यक छ, उनले भने। नेपाल पत्रकार महासंघका अध्यक्ष पूर्णप्रसाद चौलागाईंले पनि परीक्षा निष्पक्ष बनाउन सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको बताए।

उनले अनियमितता रोक्न कडाइका साथ अनुगमन गर्नुपर्नेमा जोड दिए। प्रमुख जिल्ला अधिकारी पौडेलले परीक्षा अवधिमा कुनै प्रकारको अमर्यादित गतिविधि वा चिट चोरीजस्ता कार्य भए कडा कारबाही गरिने चेतावनी दिएका छन्। साथै, सम्बन्धित निकायहरू परीक्षा व्यवस्थित बनाउन प्रतिबद्ध रहेको जनाइएको छ।

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/१८ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस १०, ११ र १ गोलियाको २०२.०१, १२२.०२, ५.३६ क्युफिटको र असना जातको ए र बि ग्रेडको गोस ७ र ७ गोलियाको १३७.००, ९९.६५ क्युफिटको र सल्लो जातको ए ग्रेडको गोस ६ गोलियाको १९४.६० क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरी राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
नारायण चिउराडी सामुदायिक वन उपभोक्ता समूह
चौकुने गा.पा.१, सुर्खेत

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १० को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

१५ दिने सूचना !

(प्रथम पटक प्रकाशित: २०८२/१२/१८)

वीरेन्द्रनगर नगरपालिका बस्ने श्री तिलाकुमारी खत्रीले वीरेन्द्रनगर नगरपालिका वडा नं. १० को गा.प. वडा नं. १० कित्ता नं. कटकुवा १३०४२ क्षेत्रफल १६२.०० वर्ग कि.मि को पूर्व लोकबहादुर बुढाथोकी, पश्चिम, बाटो उत्तर गोपाल वली र दक्षिण भागा क. विष्ट यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निर्माण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८२/०८/१७ गतेमा निवेदन दिनुभएकोले सोको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ अनुसार सो बनाउने घरको सँधियार कोही कसैलाई पिरमर्का पर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरप्रति कुनै कारबाहि गरिने छैन।

१. निर्माण कार्यको किसिम :
२. लम्बाई : १२ मि.
३. चौडाई : ८ मि.
४. उचाई : ९ मि.

कर्मचारी आवश्यकता !

यस काँक्रेविहार राष्ट्रिय दैनिकको सुर्खेत कार्यालयका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

पद : बजार व्यवस्थापक
संख्या : २ जना , १ महिला, १ पुरूष
सेवा सुविधा : यस दैनिकको नियमानुसार हुनेछ।

अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

नोट : इच्छुक व्यक्तिले ईमेल ekankrebihardaily@gmail.com मा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एकप्रति ईमेल गर्न सक्नुहुनेछ।

काँक्रेविहार राष्ट्रिय दैनिक
वीरेन्द्रनगर-६, सुर्खेत
सम्पर्क : ९८५१३४४७५४

चमेनागृह बहालमा लगाउने सम्बन्धि सूचना, २०८२

पहिलो पटक प्रकाशित मितिः २०८२ चैत १८ गते

यस कृषि बजार व्यवस्थापन समिति वीरेन्द्रनगर-६, सुर्खेत बजार स्थलको ब्लक सी भवनको दोस्रो तलामा नयाँ निर्माण सम्पन्न किचन कोठा, डाईनिङ्ग हल, स्टोर कोठा सहितको चमेना गृह (क्याण्टीन) टेन्डर मार्फत बहालमा लगाउनु पर्ने भएकोले तपसिलमा उल्लेखित विवरण का साथै विस्तृत सूचनाको अनिवार्य नियम तथा शर्तहरुको अधिनमा रही व्यवसाय गर्न इच्छुक व्यक्तीहरुले यो दोश्रो पटक सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन (मितिः २०८३/०१/०२) गते यस कृषि बजार व्यवस्थापन समिति वीरेन्द्रनगर सुर्खेतको कार्यालयको कार्यालय समय भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ।

तपशिल

ब्लक/भवन	न्यूनतम मासिक भाडादर (बहाल कर सहित)	क्षेत्रफल (वर्गफिट)	धरौटी रकम
सी (C)	५१,१५८।-	११३०	१,५३,४७४।-

➢ थप विस्तृत सूचना तथा जानकारीका लागि यस कृषि बजार व्यवस्थापन समिति वीरेन्द्रनगर सुर्खेतको कार्यालयमा सम्पर्क गर्नु सक्नुहुनेछ।

सम्पर्क नं.: ०८३-५२४२७३
कृषि बजार व्यवस्थापन समिति
वीरेन्द्रनगर, सुर्खेत

Directorate of Water Supply, Irrigation and Energy Development
Karnali Province, Surkhet, Nepal

Invitation for Electronic Sealed Quotation

(Date of First time Publication : 2082/12/18 (2026-Apr-01))

1. DWIED, Surkhet invites electronic bids from eligible bidders for following works under Sealed Quotation procedure. Bidders may obtain further information from the PPMO's web portal https://bolpatra.gov.np/egp/

Contract Number	Description of work	Estimated Amount Rs.(without VAT and Contingency)	Bid Security Amount	Fee for Bid Document	Remarks
01/082-083/SQ/ Goods/RTW/DWIEDSurkhet	Supply and Delivery of Gabion Box.	19,39,690.20	45,000.00	1,000.00	E-Bidding.

For Director



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)